# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, न्याय/सरकारी वकील समूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८१/९/७

समय: ३ घण्टा पूर्णाङ्क: १००

पत्र: तृतीय

बिषय: कानून र न्याय प्रशासन (Law and Administration of Justice)

**तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. अन्तरदेशीय अपराध फौजदारी न्याय प्रशासनका लागि चुनौतीको रूपमा रहेको पाइन्छ। यस्तै अपराधमध्ये मानव ओसारपसार तथा बेचबिखन पनि एक हो। नेपालमा पनि अबैधरूपमा मानवको ओसारपसार तथा बेचबिखन प्रमुख समस्याको रूपमा देखिएको छ। महिला, बालबालिकालाई यौन शोषणका लागि विभिन्न मुलुकमा पुऱ्याउने, नेपाली युवाहरूलाई प्रलोभन तथा झुक्याई विभिन्न उद्योग, कारखानामा जबरजस्ती बाध्यकारी श्रममा लगाउने, मानव अङ्ग चोरी गर्ने, प्रत्यारोपण गराउने जस्ता कार्यहरू हुने भनी समाचारमा आउने गरेका पनि छन्। यस कार्यमा विभिन्न अन्तर्राष्ट्रिय तस्करहरूको जालो रहेको छ पनि भन्ने गरिन्छ। यसैगरी सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, कर छली जस्ता आर्थिक तथा वित्तीय स्वरूपका अन्तरदेशीय अपराधले मुलुकको समग्र अर्थतन्त्र तथा वित्तीय प्रणालीमा प्रत्यक्ष असर पुऱ्याइरहेको पाइन्छ। अबैधरूपमा हुने वन्य उत्पादन जस्तै काठको तस्करी, बहुमूल्य जीव, पशु, वन्यजन्तु खासगरी दुर्लभ र लोपोन्मुख जीव जन्तुहरू लगायत लागू औषध तस्करीमा समेत नेपाललाई उद्गम वा ट्रान्जिटको रूपमा प्रयोग गरिरहेको समेत पाइन्छ। खासगरी COVID-19 को महामारी पछाडि नेपालमा पनि सामाजिक सञ्जाल र ईन्टरनेटको प्रयोग हुने गरी गरिने बैंकिङ अपराध, विद्युतीय तथा सूचना प्रविधि सम्बन्धी अपराध जस्ता अन्तरदेशीय अपराधमा बृद्धि भएको देखिन्छ।

नेपालले यस्ता अन्तरदेशीय प्रकृतिका अपराधको रोकथाम तथा नियन्त्रण, निवारणको लागि केही राष्ट्रिय कानूनको निर्माण गरेको, सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र रहेको, अन्तर्राष्ट्रियरूपमा रोकथाम नियन्त्रणसँग सम्बन्धित संस्था, निकायसँग सहकार्य गर्दै आएको पनि छ। अनुसन्धानको लागि नेपाल प्रहरी संगठनभित्र केन्द्रीय अनुसन्धान व्युरो र लागू औषध नियन्त्रण व्युरो जस्ता छुट्टै संयन्त्रहरू पनि स्थापित गरिएका छन्। तथापि, अन्तरदेशीय अपराधको अनुसन्धान गर्ने, अभियोजन गर्ने जस्ता कार्यमा अपेक्षितरूपमा प्रभावकारी हुन सकिरहेको छैन पनि भन्ने गरिन्छ। अन्तरदेशीय अपराधको नियन्त्रण, निवारणमा संलग्न निकायहरू मूलत: फौजदारी न्याय प्रशासनका अनुसन्धान तथा अभियोजन गर्ने निकायहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

उपर्युक्त पृष्ठभूमिको आधारमा निम्न प्रश्नहरूको जवाफ दिनुहोस्। ७+९+९=२५

क) अन्तर्राष्ट्रिय अपराधको रोकथाम र नियन्त्रणमा हाम्रो फौजदारी न्याय प्रशासन के कति सक्षम रहेको पाउनुहुन्छ? समीक्षा गर्नुहोस्।

ख) अन्तरदेशीय अपराधको अनुसन्धान र अभियोजनमा रहेका कठिनाइ तथा समस्याको पहिचान गर्दै यसको समाधानको लागि नीतिगत, कानूनी र संस्थागत सुझाब तर्कपूर्णरूपमा प्रस्तुत गर्नुहोस्।

ग) अन्तर्राष्ट्रिय अपराधको रोकथाम र नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय सहयोग र समन्वयको विद्यमान अवस्थाको चित्रण गर्दै यसमा नेपालले खेल्दै आएको भूमिकाको विवेचना गर्नुहोस्।

२. न्यायमा पहुँचको बिषयलाई नागरिकको आधारभूत अधिकारको रूपमा लिने गरिन्छ। नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र लगायत अन्य थुप्रै महासन्धिहरूले समेत पक्ष राष्ट्रहरूलाई न्यायमा सहज पहुँच सुनिश्चित गर्नुपर्ने दायित्व सृजना गरेका छन्। सो अनुरूप न्यायमा सहज पहुँच अभिबृद्धिका लागि राज्यहरूले आवश्यक नीतिगत, कानूनी र संरचनागत व्यवस्थाहरू गर्ने गरेका पनि छन्।

नेपालको संविधानले नेपाली नागरिकलाई थुप्रै मौलिक हकहरूको व्यवस्था गरेको छ। न्याय सम्बन्धी हक अन्तर्गत असमर्थ पक्षलाई नि:शुल्क कानूनी सहायता पाउने हकको प्रत्याभूति नेपालको संविधानमा गरिएको छ। संविधान प्रदत्त मौलिक हक तथा कानूनी

पहुँचका लागि अधिकारको कानूनी मान्यता र संरक्षण, अधिकार र कानूनी उपचारको बारेमा पर्याप्त जानकारी, उपचार प्राप्तिका सहज र पर्याप्त संरचनागत, कानूनी एवं व्यवस्थापकीय प्रबन्ध, गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह तथा न्याय सम्पादन, फैसला, आदेशहरूको कार्यान्वयन एवं समग्र न्याय प्रणालीप्रतिको विश्वासको वातावरण अपरिहार्य मानिन्छ। यसै अनुरूप नेपालमा न्यायमा पहुँचको सुनिश्चितताको लागि संवैधानिक, कानूनी तथा संरचनागत व्यवस्थाहरू भएका छन्। नियमित अदालतहरूका अतिरिक्त विकेन्द्रिकृत न्यायको अवधारणा अनुरूप स्थानीय न्यायिक समितिमार्फत् न्याय निरूपण गर्ने कार्यको थालनी भएको छ। मेलमिलाप लगायत विवाद समाधानका वैकल्पिक उपायहरूको प्रयोग हुँदै आएको छ । कानूनी सहायता सम्बन्धी ऐन लगायतका कानूनहरूमार्फत् असमर्थ पक्षहरूका लागि कानूनी सहायता उपलब्ध गराइँदै आएको अवस्था छ।

न्यायपालिकाले समेत न्यायमा पहुँचको बिषयलाई विशेष प्राथमिकतामा राखेको छ । २०१५ सालमै सर्वोच्च अदालतको पूर्ण बैठकले असमर्थ पक्षको प्रतिनिधित्वका लागि वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराउने निर्णय गरेको थियो। त्यसको निरन्तरता र सबै तहका अदालतहरूबाट वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराउने गरी अदालत सम्बन्धी नियमावलीहरूमा आवश्यक व्यवस्था गरी सो अनुरूपको सेवा उपलब्ध गराइँदै आएको देखिन्छ। न्यायपालिकाका सबै रणनीतिक योजनाहरूले न्यायमा पहुँच अभिबृद्धिको बिषयलाई एउटा लक्ष्यको रूपमा ग्रहण गर्दै सो सम्बन्धी विभिन्न कार्यक्रमहरूको निर्धारण गरेको देखिन्छ। २०७२ सालमा सर्वोच्च अदालतले न्यायमा पहुँच आयोगको गठन गरी न्यायमा पहुँच सम्बन्धी कार्ययोजनाको निर्माण गरी कार्यान्वयन गर्दै आएको छ। नेपाल सरकार तथा विभिन्न गैरसरकारी संस्थाहरूले समेत कानूनी सहायता प्रदान गर्दै आएका छन्।

उल्लिखित प्रयासहरूका बावजुद नेपालमा न्यायमा पहुँचको अवस्था त्यति सन्तोषप्रद रहेको देखिँदैन। यस सम्बन्धी छुट्टै अध्ययन भएको नदेखिए तापनि कतिपय अध्ययनहरूले न्यायको खोजी गर्नुपर्ने अवस्थाका व्यक्तिहरूमध्ये करिब पन्ध्र प्रतिशत मात्र औपचारिक न्यायिक प्रक्रियामा आउने गरेको देखाएका छन्।

उल्लिखित पृष्ठभूमिमा न्यायमा पहुँचको विद्यमान अवस्थाको विश्लेषण गर्दै न्यायमा सहज पहुँच अभिबृद्धिका लागि गरिएका प्रयासहरूको समीक्षा गरी देखिएका अवरोधहरूको समेत चर्चा गर्नुहोस् । साथै, न्यायमा सहज पहुँच अभिबृद्धिका लागि न्यायपालिकाको पञ्चबर्षीय रणनीतिक योजनाले निर्धारण गरेका मुख्य मुख्य क्रियाकलापहरू र तिनको मूल्याङ्कन गर्नुहोस् । न्यायमा सहज पहुँच अभिबृद्धिका लागि गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारको खाका समेत प्रस्तुत गर्नुहोस्। ४+४+३+८+६=२५

३. मानवलाई मानवीय मर्यादा तथा सम्मानका साथ बाच्नका लागि नभई नहुने र मानिस भएका नाताले प्राप्त हुने अधिकारहरूको समष्टिगत स्वरूप मानव अधिकार हो। मानव अधिकार राज्यले सहानुभूतिपूर्वक वा निगाहमा प्रदान गर्ने कुरा नभई मानवको जन्मसिद्ध अधिकार हो। यी अधिकारको संरक्षण र प्रचलन गर्नुपर्ने दायित्व राज्यको हुन्छ। मानिसलाई राजनीतिक अधिकार चाहिन्छ तथा त्यतिले मात्र उसको मानव जीवन पूर्ण हुन सक्दैन। त्यसैले उसलाई आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका अधिकार पनि चाहिन्छ। बिगतमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कुन ठूलो भन्ने विवाद रहेकोमा सन् १९९३ मा जारी भएको भियना घोषणा पत्रले सबै मानव अधिकारहरू सर्वव्यापी, अबिभाज्य, अन्तरनिर्भर र अन्तरसम्बन्धित मानेको पाइन्छ।

मानव अधिकार भएर मात्र यसको निर्वाध उपभोग गर्न सकिने हुँदैन। यसको पूर्णरूपमा उपयोगका लागि राज्यले कार्यान्वयनको अवस्था सृजना गर्नु जरुरी हुन्छ। अन्तर्राष्ट्रिय मानव अधिकार कानूनलाई राष्ट्रिय कानूनमा रूपान्तरण गरी राज्य संयन्त्र र अन्य सरोकारवालाहरूको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गरेमा मात्र मानव अधिकारको व्यवहारमा रूपान्तरित हुने हुन्छ। नेपाल थुप्रै अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धिको पक्ष राष्ट्र रही आएको छ। तर, व्यवहारमा मानव अधिकारको कार्यान्वयन आशातित रूपमा हुन नसकेको, मानवीय मर्यादासाथ बाँच्न पाउने अधिकारको परिपालना हुन नसकेको र मानव अधिकारबाट बञ्चितिमा परिरहेको एवं मानव अधिकार सम्बन्धी थुप्रै समस्याहरू रहेको भन्ने गरिएको पाइन्छ। मानव अधिकार कार्यान्वयनको अवस्था अनुगमन गर्ने र यसको उल्लंघन भएमा अनुसन्धान गरी दोषी उपर कारबाही र पीडितलाई उपचार दिनु जरुरी हुन्छ। यही मान्यताका आलोकमा मानव अधिकारको सम्बन्धमा पहरेदारको रूपमा कार्य गर्न राष्ट्रियस्तरमा मानव अधिकार सम्बन्धी संस्था गठन गरिन्छ। सन् १९९१ मा मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि पेरिसमा आयोजना गरिएको पहिलो अन्तर्राष्ट्रिय कार्यशालाले राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्वरूप र कार्य सञ्चालनका निर्देशक सिद्धान्तहरू विकास गरेको थियो। नेपालको राष्ट्रिय

मानव अधिकार आयोग पनि यही सिद्धान्तका आधारमा गठित आयोग हो र यसले अहिले संवैधानिक अङ्गको हैसियत पनि प्राप्त गरेको छ। अपितु, अझै पनि पेरिस सिद्धान्तको पूर्ण अनुपालनामा केही समस्याहरू रहेको बिज्ञहरूले औंल्याउने गरेको पाइन्छ। साथै राष्ट्रिय मानव अधिकार आयोगले दिएका सिफारिसहरू पनि समुचित रूपमा कार्यान्वयन हुन नसकेको अवस्था पनि विद्यमान छ।

उल्लिखित पृष्ठभूमिमा देहाय बमोजिमका बुँदाहरूमा केन्द्रित रही प्रस्तुति दिनुहोस्। ७+८+१०=२५

क) मानव अधिकारको आवश्यकता तथा विभिन्न मानव अधिकारहरूबीचको सम्बन्ध र प्राथमिकता सम्बन्धमा बिश्लेषण,

ख) अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले गरेका मानव अधिकारहरूको नेपालमा आन्तरिकीकरणको अवस्थाको बिश्लेषण,

ग) राष्ट्रिय मानव अधिकार सम्बद्ध संस्थाहरूको स्वरूप सम्बन्धी पेरिस सिद्धान्तले विकास गरेका सिद्धान्तहरूको प्रस्तुति तथा ती सिद्धान्तहरूको नेपालको राष्ट्रिय मानव अधिकार आयोगमा अनुपालनाको अवस्थाको चित्रण, सो सिद्धान्तको पूर्ण अनुपालनामा रहेका समस्या पहिचान र सो सम्बन्धमा गर्नुपर्ने कानूनी एवं कार्यान्वयनजन्य सुधारको खाका।

४. कानूनको सर्वोच्चता नै कानूनको शासनको मान्यता हो। कानूनको शासनमा कानूनभन्दा माथि कुनै पनि व्यक्ति रहनु हुँदैन र प्रत्येक व्यक्ति कानूनका अधिनमा हुन्छन् भन्ने मानिन्छ। यसमा कानूनका अगाडि प्रत्येक व्यक्ति समान हुन्छन् र कुनै पनि व्यक्तिमाथि अर्को व्यक्तिलाई शासन गर्ने अधिकार हुँदैन। कानूनी राज्यको अवधारणामा व्यक्तिगत स्वतन्त्रतालाई सर्वोपरी स्थान दिइन्छ। नागरिकहरूको अधिकारको रक्षाका लागि नै कानूनको शासन आवश्यक पर्ने हुन्छ। कानूनको शासन संविधानबादको एक महत्त्वपूर्ण र आधारभूत पक्ष पनि हो। जनप्रतिनिधिमूलक सरकारको निर्माण र त्यस्तो सरकारले कानूनको सर्वोच्चता स्वीकार गरी कानूनी दायराभित्र रही जनताका आधारभूत अधिकारको संरक्षण गर्नुपर्छ भन्ने मान्यता कानूनको शासनमा पर्दछ। यसमा कानून बमोजिम भनेर मात्र हुँदैन,त्यस्तो कानून न्यायपूर्ण पनि हुनुपर्छ। साथै, यस्तो कानून स्पष्ट, निश्चित र भविष्यदर्शी हुनुपर्ने, प्रकाशित र सार्वजनिक जानकारीमा आउनुपर्ने, जनताको सहज पहुँचयोग्य हुनुपर्ने, सामान्यत: बारम्बार परिवर्तन नहुने, परस्पर नबाझिने, कार्यान्वयनमा सम्भव, समानरूपले कार्यान्वयन हुनुपर्ने र स्वच्छ सुनुवाई तथा स्वतन्त्रतापूर्वक न्यायिक निरूपण हुनुपर्ने जस्ता तत्वहरू पनि कानूनको शासनमा रहेका हुन्छन्। कानूनको शासनको उद्देश्य नागरिक स्वतन्त्रताको संरक्षण गर्नु भएकाले यसको विद्यमानतामा नै मानव अधिकार तथा मौलिक हकको प्रत्याभूतिको सुनिश्चितता हुने हुन्छ। कानूनको शासनको अभावमा संविधान प्रदत्त स्वतन्त्रता, समानता, स्वच्छ सुनुवाई समेतका नागरिक तथा राजनीतिक अधिकार तथा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार लगायतका मौलिक हकहरू व्यवहारत: प्रत्याभूति हुन नसक्ने तथा यी अधिकारहरू हनन हुने समेत हुन्छ। कानूनको शासन कायम भएमा मात्र लोकतन्त्रका लागि आवश्यक पर्ने नागरिक राज्यको सिद्धान्त, सीमित सरकार, शक्ति नियन्त्रण र सन्तुलन, संवैधानिक सर्वोच्चता, न्यायिक पुनरावलोकन, स्वतन्त्र न्यायपालिका जस्ता कुरा कायम हुने भएकाले कानूनको शासनको अभावमा लोकतन्त्रको परिकल्पना गर्न सकिंदैन। मौलिक हकको व्यवहारत: प्रत्याभूतिका लागि लोकतन्त्र पनि एक महत्वपूर्ण कुरा हो। नेपालको वर्तमान संविधानको प्रस्तावनामा कानूनी राज्यको स्पष्ट उल्लेख गरिएको र कानूनको शासनसँग सम्बन्धित थुप्रै संवैधानिक व्यवस्था गरिएको छ। कानूनको शासन कायम गर्न मद्दत पुग्ने गरी सर्वोच्च अदालतबाट थुप्रै फैसलाहरू पनि भएका छन्। यसरी नेपालमा कानूनको शासनका लागि संवैधानिक, कानूनी र संरचनागत व्यवस्थाहरू हुँदाहुँदै पनि कानूनको शासन कायम गर्ने संवैधानिक र कानूनी व्यवस्थाहरूको कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको र अपेक्षितरूपमा कानूनको शासन कायम हुन नसकेको अवस्था छ भनी टिप्पणी समेत हुने गरेको छ।

उल्लिखित पृष्ठभूमिमा नेपालमा कानूनको शासनको अवस्था, कानूनको शासनले मौलिक हकमा पार्ने प्रभाव, सर्वोच्च अदालतले न्यायिक पुनरावलोकनको माध्यमबाट कानूनको शासनको प्रवर्द्धनमा निर्वाह गरेको भूमिकाको बिश्लेषण गर्दै कानूनको शासन कायम गर्ने क्रममा देखिएका समस्या र चुनौती औंल्याउँदै त्यस्ता समस्या र चुनौतीको सम्बोधन गरी कानूनको शासन कायम गर्न कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले गर्नुपर्ने कार्यहरूको बारेमा ठोस सुझाब प्रस्तुत गर्नुहोस्। २५

<<समाप्त>>